# साँगुरीगढी गाउँपालिका
# Sangurigadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.सं. २०८३/०८४
च.नं.:

कोशी प्रदेशन नेपाल
Koshi Province Nepal

नमस्ते झरना प्रवेश शुल्क सम्बन्धी बोलपत्र आह्वानको सूचना ।

दोस्रो पटक प्रकाशित मिति २०८३।०४।२७

यस साँगुरीगढी गाउँपालिकाको स्थानीय आर्थिक ऐन बमोजिम आ.व. २०८३।०८४ को लागि नमस्ते झरना प्रवेश शुल्क संकलन गर्नु पर्ने भएकाले स्थानीय आय व्यवस्थापन (कार्यविधि) ऐन, २०७९ को दफा २४ को उपदफा (१२) बमोजिम बोलपत्र वन्दोवस्त गर्नु पर्ने भएकाले देहायको न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी इजाजत प्राप्त, फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि, नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता तथा नियमानुसार कर चुक्ता प्रतिलिपि पेश गरी इच्छुक फर्म वा कम्पनीहरुले रितपूर्वक बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | बोलपत्र नं. | न्यूनतम बोलपत्र अङ्क रु | कैफियत |
|---|---|---|---|
| १ | ०३/०८२-०८३ राजस्व | ३००००००.०० | मु.अ.कर बाहेक |

शर्तहरु

१. नमस्ते झरना प्रवेश शुल्कको दर, विवरण, परिमाण तथा स्थान बोलपत्र साथ उपलब्ध हुनेछ । वोलपत्रको सूचना प्रकाशन भएको मितिले ८ औं दिन दिनको मध्यान्ह १२.०० बजेसम्म वोलपत्र पेश गरिसक्नु पर्नेछ । पेश हुन आएको बोलपत्र सोही दिन दिनको २.०० बजे खोलिनेछ ।

२. बोलपत्र खरिद गर्न साँगुरीगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेडेटारको नवील वैंक लि. भेडेटार शाखामा रहेको धरौटी खाता नं. २११०१०१७५०००३७ मा कबोल अङ्कको ३ प्रतिशत रकम जम्मा गरेको भौचर वा प्रचलित कानूनबमोजिम मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन अवधि भएको विडवण्ड पेश गर्नु पर्नेछ ।

३. नमस्ते झरना शुल्क संकलनको ठेक्का सम्झौता अवधि सम्झौता भएको मिति देखि २०८४ असार मसान्तसम्म हुनेछ ।

४. बोलपत्र बमोजिम कबोल गरिएको अंक बरावरको मूल्य अभिबृद्धि कर वापतको रकम ठेक्का सम्झौता गर्नु पूर्व प्रचलित कानूनले निर्धारण गरेबमोजिमको खातामा जम्मा गर्नु पर्नेछ । अन्य प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर दस्तुर आदि बुझाउनु पर्ने रकम व्यवसायी आफैले बुझाउनु पर्नेछ ।

पुण्य प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta
कोशी प्रदेशन नेपाल
Koshi Province Nepal

प.सं. २०८३/०८४
च.नं.:

५. बन्द, हड्ताल जस्ता मानव सिर्जित घट्नाका कारणबाट हुने नोक्सानीका लागि कुनै क्षतिपूर्ति वा छुट दिइने छैन तर सम्झौताका बखत एकमुष्ठ कवोल अङ्क जम्मा गरेमा मु.अ.कर कटाई वाँकी रकमको १० प्रतिशत छुट दिन सकिनेछ ।

६. यस सूचनामा उल्लेख भएका शर्तको हकमा सोही शर्त बमोजिम र नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

७. सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनले निर्धारण गरेको शर्त पुरा नभएको वा कुनै प्राविधिक कठिनाई पर्न गएमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार साँगुरीगढी गाउँपालिकाको कार्यालयलाई हुनेछ ।

८. वोलपत्र दरभाउ पत्र सम्बन्धी कार्यालयको वेव साईट https://sangurigadhimun.gov.np/ को सूचना बमोजिम E-bidding को bolpatra.gov.np/egp मार्फत पेश गर्न सकिने छ र अन्य जानकारीको लागि मोवाईल नं.९८५२०६१९४० फोन नं.०२५-४०००५८ र ०२५-४०००६८ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

पुण्य प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner